# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९** **संख्याः ४** **मितिः २०८२।०४।०५**


## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बागमती गाउँपालिकाको स्थानीय सडक ऐन, २०८२

**प्रस्तावनाः** बागमती गाउँपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमनयोग्य बनाउने, सडक एवं जलाधार क्षेत्र वरिपरी हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित तथा स्थापित मापदण्ड अनुरुप बनाउने, सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति गर्ने विधि बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र दफा ११(२) ट. बमोजिम यो ऐन बनाइएको छ ।

#### परिच्छेद-१

#### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) 'कार्यपालिका' भन्नाले बागमती गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) 'खोला तथा खोल्सी' भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ ।

(ग) 'गोरेटो बाटो' भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिँड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ ।

(घ) 'चक्रपथ' भन्नाले गाउँपालिकालाई परिक्रमा हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ ।

(ङ) 'टोलस्तरीय सडक' भन्नाले एक किलोमिटरसम्म लम्बाइ भएको सडकलाई सम्झनुपर्छ ।

(च) 'धार्मिक तथा साँस्कृतिक क्षेत्रको सडक' भन्नाले मूल सडकदेखि धार्मिक तथा साँस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनुपर्छ ।

(छ) 'गाउँपालिकास्तरीय सडक' भन्नाले गाउँपालिका र अन्य छिमेकी स्थानीय तहलाई जोड्ने सडकलाई सम्झनु पर्छ ।

(ज) 'अध्यक्ष' भन्नाले बागमती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(झ) 'उपाध्यक्ष' भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।
(ट) 'प्राकृतिक स्रोत' भन्नाले पानी, ढुङ्गा, बालुवा जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ ।
(ठ) 'प्रादेशिक सडक' भन्नाले गाउँपालिका क्षेत्रभित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ ।
(ड) 'फासला' (Set Back) भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ ।
(ढ) 'राजकुलो तथा कुलो' भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनुपर्छ ।
(ण) 'राष्ट्रिय राजमार्ग' भन्नाले गाउँपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनुपर्छ ।
(त) 'वडास्तरीय सडक' भन्नाले वडा क्षेत्र भित्र रहेका एक किलोमिटरदेखि सात किलोमिटर लम्बाइ सम्मको सडकलाई सम्झनुपर्छ ।
(थ) 'सहरी सडक' भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले गाउँपालिकाद्वारा चार किल्ला तोकी सहरी सडक नामाकरण गरी निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ ।
(द) 'सडक सिमा' भन्नाले गाउँपालिका सडकको चौडाईलाई सम्झनु पर्छ ।
(ध) 'सडकको क्षेत्राधिकार' भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।
(न) 'सहायक सडक' भन्नाले मुख्य सडकबाट बस्तीसम्म जाने पाँच सय मिटर सम्मको सडकलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## सडक क्षेत्रको वर्गीकरण, क्षेत्राधिकार र फासला

**३. सडकको क्षेत्राधिकार :** (१) सडकको क्षेत्राधिकार देहाए बमोजिम हुनेछ :
(क) मुख्य गाउँपालिकास्तरीय सडकको क्षेत्राधिकार (RoW) सात मिटर चौडा हुनेछ ।
(ख) वडास्तरीय सडकको क्षेत्राधिकार (Right of Way—RoW) पाँच मिटर चौडा हुनेछ ।
(ग) टोलस्तरीय सडकको क्षेत्राधिकार चार मिटर चौडा हुनेछ ।
(घ) सहरी सडकको क्षेत्राधिकार सात मिटर चौडा हुनेछ ।
(ङ) चक्रपथको क्षेत्राधिकार दश मिटर चौडा हुनेछ ।
(२) उपदफा (१) बमोजिमका सडकको कुनै खण्डमा चक्रपथ परेमा चक्रपथ भएको सडक खण्डको क्षेत्राधिकार स्वतः दश मिटर चौडा हुनेछ ।
(३) यो ऐन बमोजिम जुनसुकै वर्गीकरणमा परेको सडकको घुम्तीमा थप चालिस प्रतिशत चौडाई वृद्धि गर्नुपर्नेछ ।
(४) उपदफा (१) बमोजिम सडकको नामकरण र क्षेत्राधिकार नियमानुसार हुनेछ ।

**४. सडकको फासला** : (१) सडकको क्षेत्राधिकार देहाय बमोजिम छोड्नु पर्नेछ :
(क) चक्रपथको फासला दुई मिटर
(ख) गाउँपालिकास्तरीय सडकको फासला एक दशमलव पाँच मिटर
(ग) नगर सडकको फासला दुई मिटर
(घ) वडास्तरीय सडकको फासला एक दशमलव पाँच मिटर
(ङ) टोलस्तरीय सडकको फासला एक दशमलव पाँच मिटर
(च) सहायक सडकको फासला एक दशमलव पाँच मिटर
(च) गोरेटो बाटोको फासला पाँच फिट
(छ) खोला र खोल्सीको प्राकृतिक बहावबाट एक दशमलव पाँच मिटर फासला
(ज) राजकुलो तथा कुलो्को फासला तीन फिट
(२) उपदफा (१) बमोजिम सडकको नामाकरण र फासला नियम बमोजिम हुनेछ ।

**५. धार्मिक तथा साँस्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासला सम्बन्धी विशेष व्यवस्थाः** धार्मिक तथा **साँस्कृतिक** क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासला सम्वन्धी व्यवस्था नियम बमोजिम हुनेछ ।

**६. मुख्य सडकको क्षेत्राधिकार र फासला सम्वन्धी विशेष व्यवस्थाः** (१) जनमुक्ति मार्ग खण्डमा सडकको क्षेत्राधिकार भन्दा बाहिर दुई मीटर फासला छोडनु पर्ने छ । तर साविकमा बनाएका संरचनाका हकमा कम्तीमा एक मिटर छोड्नु पर्नेछ ।

(२) पाँचपाण्डव-राईगाउँ सडक खण्डमा सडकको क्षेत्राधिकार भन्दा बाहिर दुई मिटर फासला छोडनु पर्नेछ ।

**७. व्यावसायिक संरचना निर्माण गर्दा छोडनु पर्ने फासला सम्वन्धी विशेष व्यवस्था :** यो ऐन बमोजिम जुनसुकै वर्गीकरणमा परेको सडक, गल्ली, खोल्साखोल्सी तथा राजकुलो वा कुलोको किनारमा व्यावसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निर्माण गर्दा दुई मिटर फासला छोडनु पर्नेछ ।

**८. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड :** (१) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) कार्यपालिकाको सहमति वेगर कसैले पनि जग्गा प्लटिङ गर्न पाउने छैन ।

(३) गाउँपालिका क्षेत्रभित्र नक्सापास प्रक्रिया पूरा गरी आवासीय भवन तीन तला र व्यावसायिक भवन पाँच तलासम्म निर्माण गर्न पाइने छ । तर कार्यपालिकाबाट पूर्व स्वीकृति लिएर नक्सापास प्रक्रिया पूरा गरी पाँच तलाभन्दा माथिको भवन निर्माण गर्न बाधा पर्ने छैन ।

(४) साँस्कृतिक, धार्मिक एवं पुरातात्विक सम्पदालाई छेक्ने गरी कुनै पनि संरचना निर्माण गर्न पाइने छैन ।

**९. निर्माणमा निषेध गरिएको :** (१) गाउँपालिका क्षेत्रभित्र व्यक्तिगत, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ :

(क) नक्सापास नगरी पक्की वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

(ख) कार्यालयबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

(ङ) कार्यालयको स्वीकृति बीना सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ-बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफनो घर कम्पाउण्ड वा पसल अगाडि सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यावसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिंदा प्राविधिकको निरीक्षण प्रतिवेदन बमोजिम पचास हजार रुपैयाँसम्म सम्म धरौटी राख्नुपर्ने छ ।

**१०. पानीको मूल तथा प्राकृतिक स्रोतको स्वामित्व निजी नहुनेः** (१) गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोत र पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन । कसैले पनि यस्ता स्रोतको एकलौटी प्रयोग गर्छु भन्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम मूल वा अन्य स्रोतबाट प्राप्त पानी आफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगका लागि बन्देज गर्न पाइने छैन । पानीको प्रयोगको प्राथमिकता बागमती गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन, २०८१ र नियमावली, २०८१ ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) निजी जग्गा समेतमा रहेको ढुङ्गा, बालुवा तथा अन्य खनिजजन्य प्राकृतिक स्रोत गाउँपालिकाको अनुमति विना कसैले पनि व्यावसायिक प्रयोजनका लागि उत्खनन् गर्न पाउने छैन ।

**११. जथाभावी पार्किङ गर्न, हर्न बजाउन र तीव्र गतिमा सवारी साधन चलाउन नहुने** : (१) गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक पार्किङ गर्न पाइने छैन ।

(२) नयाँ बन्ने व्यावसायिक सपिङ मल तथा होटल आदि व्यवसायीहरुले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी उपयुक्त पार्किङ स्थलको व्यवस्था गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले आवश्यकता हेरी भइरहेका होटल तथा व्यवसायहरुलाई सोही परिसर वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्नेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन ।

(५) गाउँपालिका क्षेत्रभित्र प्रेसर हर्न निषेध गरिएको छ ।

(६) गाउँपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन ।

**१२. सार्वजनिक स्थलमा धूमपान गर्न नपाइने :** (१) कसैले पनि गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा धूमपान गर्न पाउने छैन ।

(२) धूमपान उपलब्ध गराउने व्यवसायीले सो कार्यका लागि अरुलाई असर नपर्ने गरी अलग्गै धूमपान कक्षको व्यवस्था गर्नुपर्ने छ ।

(३) गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थल र समयभन्दा बाहेक अन्यत्र र अन्य समयमा मदिराजन्य सामग्रीको बिक्री वितरण तथा प्रयोगलाई निषेध गरिएको छ ।

**१३. जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न नपाइने :** (१) गाउँपालिका क्षेत्रभित्र तोकिएको मापदण्ड बाहिर रहि जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न पाइने छैन ।

(२) विज्ञापनजन्य साइनबोर्ड, फ्लेक्स प्रिण्ट, डिस्प्ले बोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नुपर्दा बढीमा आफ्नो सटरको वारपार र बढीमा दुई फिट चौडाइ भएको राख्न सकिने छ ।

(३) उपदफा (२) मा उल्लेख भएको भन्दा ठूलो आकारको विज्ञापनजन्य सामग्री राख्नुपर्ने पर्याप्त कारण भएमा गाउँपालिकाको अनुमति लिई आवश्यक शुल्क तिरेर राख्न सकिने छ ।

## परिच्छेद ३
## कसुर र दण्ड सजाय

**१४. कसुर र दण्ड सजाय :** (१) यो ऐन बमोजिमको फासला र गाउँपालिकाबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई गाउँपालिका अध्यक्षले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा गाउँपालिकाले भत्काई हटाउन लागेको खर्चमा पच्चीस प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउने छ ।

(२) मूल सडकबाट शाखा सडकतर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुनेगरी काम गर्न पाइने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्ने छ । त्यस्तो आदेशको पालना भएको नपाइएमा अध्यक्षले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप पच्चीस प्रतिशत जरिवाना सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) गाउँपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाइने छैन । त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई गाउँपालिकाले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा गाउँपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चीस प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गर्नेछ ।

(४) कसैले पनि निजी जग्गा समेतको ढुङ्गा, गिट्टी, बालुवा तथा खानी वा खनिजजन्य सामग्री गाउँपालिकाको अनुमति बेगर व्यावसायिक प्रयोजनमा उत्खनन् गरेको पाइएमा गाउँपालिकाले त्यस्तो सामग्री, सामग्री खनजोत वा ओसारपसार गर्न प्रयोग हुने साधन जफत गरी एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ।

(५) सार्वजनिक स्थल र कार्यालयहरुको हकमा गाउँपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई गाउँपालिकाले दुई सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ।

(६) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा गाउँपालिकाले एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ।

(७) कसैले प्रेसर हर्न बजाएको पाइएमा गाउँपालिकाले पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँ सम्म जरिवाना गरी प्रेसर हर्न जफत एवम नष्ट गर्नेछ।

(८) कसैले सार्वजनिक स्थलमा धूमपान गरेको पाइएमा गाउँपालिकाले पहिलो पटकलाई सम्झाउने बुझाउने, दोस्रो पटकलाई एक सय रुपैयाँ जरिवाना गर्ने र त्यस पछि पटक्कै पिच्छे एक सय रुपैयाँ थप्दै जाने गरी जरिवाना गर्नेछ।

(९) यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा १३ मा तोकेको मापदण्ड प्रतिकूल विज्ञापनजन्य सामग्री राखेको पाइएमा गाउँपालिकाले हटाउन आदेश दिने छ। दिएको आदेश अटेर गरेको पाइएमा गाउँपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ।

(१०) यो ऐन प्रारम्भ भए पश्चात् कसैले दफा १३ मा तोकेको मापदण्ड बाहिर विज्ञापनजन्य सामग्री राखेको पाइएमा गाउँपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(११) दफा ८ को उपदफा (२) प्रतिकूल कसैले कार्यपालिकाको स्वीकृति नलिई जग्गा प्लटिङ गरेको पाइएमा गाउँपालिकाले एक लाख रुपैयाँ देखि पाँच लाख सम्म जरिवाना गर्नुको साथै नक्सापासको कार्यलाई रोक लगाउन सक्ने छ।

(१२) "दफा ९ को उपदफा (२) प्रतिकुल कसैले कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ-बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खारेको वा सम्याएको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले त्यसरी खनेर थुप्रिएको ढुङ्गा माटो हटाउन लगाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ। त्यसरी दिइएको आदेश बमोजिम खनेर थुप्रिएको ढुङ्गामाटो हटाएको नपाइएमा गाउँपालिकाले हटाउन लगाई लागेको खर्चमा पच्चीस प्रतिशत थप गरी सो समेत सम्वन्धित व्यक्तिबाट असुल उपर गराउनेछ।

## परिच्छेद ४
## विविध

**१५. छज्जा सम्बन्धी व्यवस्थाः** गाउँपालिककाले निर्माण गरेका सबै प्रकारका सडकहरु र राष्ट्रिय राजमार्गमा व्यक्ति वा सघसंस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा व्यवस्था भएको फासला बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासला छोडनु पर्नेछ।

**१६. कार्ययोजना बनाउनुपर्नेः** गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति तथा खोल्सा-खोल्सी, राजकुलो एवम् कुलोको संरक्षणका लागि आकस्मिक र विपद्को अवस्थामा बाहेक गाउँपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ।

**१७. कायम गराउनुपर्नेः** परम्परागत रुपमा प्रयोग हुँदै आएका चलनचल्तीमा रहेका तर नापी नक्सामा उल्लेख नभएका बाटा तथा गोरेटाहरुलाई औचित्यताका आधारमा गाउँपालिकाले कायम गराउन सक्नेछ।

१८. **अधिकार प्रत्यायोजन :** यस ऐनमा छुट भएका सडक, गल्ली वा कुलाका सम्वन्धमा कार्यपालिकाले निर्णय गरी क्षेत्राधिकार तथा फासला तोक्न सक्नेछ ।

१९. **खारेजी र बचाउ :** गाउँपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि यो ऐनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम निर्माण भएको मानिने छ ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर